अनुसूची-१

# थ्रीस्टार हाइड्रोपावर लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

मिति २०८३/०६/२७ गते मंगलबार (तद्नुसार अक्टोबर १३, २०२६) मा हुने नवौं, दशौं र एघारौं वार्षिक साधारण सभाबाट नियमावलीको नियम २७ को संशोधित व्यवस्था बमोजिम सञ्चालक पदमा एक महिला सहित ३ जना सञ्चालक निर्वाचन गरी नियुक्त गर्नु पर्ने भएको हुँदा कम्पनीको निर्वाचन निर्देशिका, २०८३ बमोजिम देहाय बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन । | २०८३/०६/२५ | बिहान १०:०० बजे | कम्पनीको कर्पोरेट कार्यालय का.म.न.पा., ६ बौद्ध काठमाडौं । | |
| २. | मतदाता नामावली उपर उजुरी । | २०८३/०६/२५ | दिउसो १:०० बजे देखि २:४५ बजेसम्म | ऐ ऐ | |
| ३. | मतदाता नामावलीमा उजुरी उपर निर्णय | २०८३/०६/२५ | दिउसो ३:३० बजे | ऐ ऐ | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन । | २०८३/०६/२५ | बेलुका ५:०० बजे | ऐ ऐ | |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने । | २०८३/०६/२६ | बिहान ११:०० बजेदेखि १२:३० बजेसम्म | ऐ ऐ | |
| ६. | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशन | २०८३/०६/२६ | दिउसो १:३० बजे | ऐ ऐ | |
| ७. | उम्मेदवारी उपर दावी विरोध | २०८३/०६/२६ | दिउसो २:०० देखि ३:०० बजेसम्म | ऐ ऐ | |
| ८. | मनोनयन पत्रको जाँच र निर्णय | २०८३/०६/२६ | दिउसो ३:३० बजेदेखि ४:०० बजेसम्म | ऐ ऐ | |
| ९. | उम्मेदवारको दोस्रो नामावली प्रकाशन | २०८३/०६/२६ | बेलुका ४:३० बजे | ऐ ऐ | |
| १०. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०८३/०६/२६ | बेलुका ५:३० बजेसम्म | ऐ ऐ | |

थ्रीस्टार हाइड्रोपावर कं. ली. २०७२ मध्यपुर थिमि, भक्तपुर

| | | | | |
|---|---|---|---|---|
| ११. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०६/२६ | बेलुका ६:०० बजेसम्म | ऐ ऐ |
| १२. | मतदान गर्ने | २०८३/०६/२७ | साधारण सभा सम्पन्न भएपछि | साधारण सभा स्थल स्मार्ट दरबार प्रा.लि. शंखपार्क, काठमाडौं । |
| १३. | मतगणना गर्ने । | २०८३/०६/२७ | मतदान सकिए पछि | ऐ ऐ |
| १४. | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा | २०८३/०६/२७ | मत गणना सकिए पछि | ऐ ऐ |

**प्रतिनिधी पत्र (प्रोक्सी) तथा निर्वाचन सम्बन्धी थप जानकारी**

१. उम्मेदवारले आफ्नो उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कालो सुचिमा नरहेको कर्जा सुचना केन्द्रको सक्कल पत्र, स्थायी लेखा नम्बरको प्रमाण पत्र, शेयरधनी प्रमाण पत्र, संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिने भएमा संस्थाको दर्ता प्रमाण पत्र, पछिल्लो शेयर लगत, कर चुक्ताको प्रमाण पत्र, कालो सुचिमा नरहेको कर्जा सुचना केन्द्रको सक्कल पत्र, संस्थाको निर्णयको प्रतिलिपी र प्रतिनिधी हुने व्यक्ति कालो सुचिमा नरहेको कर्जा सुचना केन्द्रको सक्कल पत्र पेश गर्नु पर्नेछ ।

३. उम्मेदवार हुन कम्पनीको नियमावली, निर्वाचन निर्देशिका, यस कम्पनीसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन बमोजिम अयोग्य नरहेको हुनु पर्नेछ ।

४. मनोनय फाराम निर्वाचन अधिकृतको कार्यलयबाट प्राप्त गर्न सकिनेछ ।

५. उम्मेदवारी मनोनय दर्ता गर्न उम्मेदवार स्वयं, प्रस्तावक र समर्थक समेत स्वयं उपस्थित हुनु पर्नेछ । प्रस्तावक समर्थकको नागरिकताको प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट विवरणको प्रतिलिपी समेत साथै पेश गर्नु पर्नेछ । उम्मेदवार आफु जुन समूहको हो सोही समूहको प्रस्तावक समर्थक हुनु पर्नेछ ।

६. प्रतिनिधी पत्र (प्रोक्सी) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै निर्वाचन कार्यालयमा दर्ता गराउनु पर्नेछ । एक जनाभन्दा बढी व्यक्तिलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको भएमा सबैभन्दा पहिले निर्वाचन कार्यालयमा दर्ता भएको प्रतिनिधी पत्र मान्य भई अन्य प्रतिनिधी पत्र बदर हुनेछ । तर प्रतिनिधी नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी पत्र वा प्रतिनिधीहरु बदर गरी यो प्रतिनिधी पत्रलाई मात्र मान्यता दिइयोस् भनि छुट्टै निवेदक स्वयं आफैं आई दर्ता गरी उक्त निवेदनमा सनाखत समेत गरि दिएमा त्यस्तो प्रतिनिधी पत्रलाई मान्यता दिई अगाडीको प्रतिनिधी पत्र बदर हुनेछ ।

७. प्रतिनिधी पत्र (प्रोक्सी) फाराममा प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले गरेको दस्तखतसँग शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लि.को अभिलेखमा रहेको निजको दस्तखत प्रमुख निर्वाचन अधिकृतको रोहबरमा भिडाई उक्त दस्तखत भिडे नभिडेको कुरा यकिन गरी प्रोक्सी सदर वा वदर गरिने छ । प्रोक्सि सदर वा वदरका सम्बन्धमा प्रमुख निर्वाचन अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ । इमेल मार्फत पठाइएको वा स्क्यान हस्ताक्षरलाई मान्यता दिइने छैन ।

८. कुनै शेयरधनीको एकभन्दा बढी शेयरधनी नं./बिओआइडी नं. खाता भएका हरेक खाताको अलग अलग प्रतिनिधी फाराम भरी बुझाउनु पर्नेछ ।

९. शेयरधनीको नाम थर हस्ताक्षर नभएको वा नमिलेको शेयरधनी नं./बिओआइडी नं. नभएको नमिलेको केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधी पत्र बदर हुनेछ ।

१०. जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीले मात्र प्रोक्सी (प्रतिनिधी पत्र) दिए/लिएको हुनु पर्नेछ ।

११. प्रोक्सि (प्रतिनिधी पत्र) बुझाउन ल्याउँदा फाईल बनाई क्र.सं. प्रोक्सि दिनेको नाम थर शेयरधनी/डिम्याट नं. शेयर कित्ता संख्या समेत खुलाई पञ्जिका सहित ल्याउनु पर्नेछ ।

श्रीस्टार हाईड्रोपावर क. ली.
मध्यपुर ठिमी-३, भक्तपुर
२०७२

१२. सभामा भाग लिने र निर्वाचनमा मतदान गर्ने एकै व्यक्ति हुनेछ । सभामा भाग लिनको लागि नियुक्त प्रतिनिधी (प्रोक्सी) ले शेयरधनीको तर्फबाट निर्वाचनमा मतदान गर्न सक्नेछ ।

१३. निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्वजनिक विदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

१४. मतदान हुने दिन २०८३/०६/२७ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समयदेखि ३ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ । निर्वाचन कार्यक्रममा केही कठिनाई आईपरेमा निर्वाचन अधिकृतले वार्षिक साधारण सभालाई असर नपर्ने गरी निर्वाचन कार्यक्रमको मिति संशोधन गर्न सक्नेछ ।

१५. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

१६. निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

१७. अन्य थप जानकारीको लागि कम्पनीबाट प्रकाशित सूचना, थ्रीस्टार हाइड्रोपावर लिमिटेडको सञ्चालक निर्वाचन निर्देशिका, २०८३ तथा निर्वाचन अधिकृतले प्रकाशित गरेका सूचनाहरू हेर्न हुन सुचित गरिन्छ ।

मिति : २०८३/०६/२४
समय : दिउसो २:३० बजे
कम्पनीको छाप

थ्रीस्टार हाईड्रोपावर कं. ली.
२०७२
मध्यपुर ठिमी-३, भक्तपुर

..............................
ध्रुवराज शर्मा
(निर्वाचन अधिकृत)